# हिमालयन बैंक लिमिटेडको नाममा रहेको गैह्र बैंकिङ्ग अचल सम्पत्ति विक्रीको लागि ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

## सूचना प्रकाशित मिति: २०८१/०८/०६

यस बैंकको नाममा दर्ता कायम रहेको तपसिल वमोजिमको गैह्र बैंकिङ्ग सम्पति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा विक्री गरिने भएको हुँदा यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। उक्त अचल सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावले देहायका शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

| सम्पत्तिको विवरण | घरजग्गा रहेको स्थान/लोकेशन |
|---|---|
| १. मालपोत कार्यालय कास्कीमा दर्ता रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ६ सिट नं. ०९३० ९५८०१ स्थित कि.नं. ८१ को क्षेत्रफल २५५ ब.मी को जग्गा। | लेक साईड, पोखरा। **Google Address: 28.20985,83.96146** |
| २. मालपोत कार्यालय कास्कीमा दर्ता रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ९ सिट नं. ०९३०९२००२ स्थित कि.नं. २१ को क्षेत्रफल २३०.८० ब.मी को जग्गा र सोमा बनेको ४७६१.४१ बर्ग फिटको घर समेत। | नयाँ सडक, पोखरा। **Google Address: 28.22192,83.98773** |

**बोलपत्रका शर्तहरू :**

१. बोलपत्र फाराम यस बैंकको देहाय बमोजिम शाखाबाट कार्यालय समयभित्र रु. १,०००/- (फिर्ता नहुने गरी) तिरि खरिद गर्न सकिनेछ। फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुने छैन।

२. बोलपत्र पेश गर्नेले बोलपत्र फाराममा उल्लेख गरे बमोजिम सम्पुर्ण सम्पत्तिको लागि तोकिएको ढाँचामा बोलकबोल रकम उल्लेख गरि बोलपत्र पेश गर्नुपर्नेछ।

३. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए वमोजिम मिति, स्थान र समयमा प्राप्त भईसक्नु पर्नेछ। म्याद नाघी वा रित नपुगी आएको तथा शर्त सहितको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

४. बोलपत्र बुझाउनेरखोलिने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेका दिन बोलपत्रहरु बुझाउन/खोल्न सकिनेछ। बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

५. बैंकबाट खरिद गरेको बोलपत्र फाराममा सकार गर्न चाहेको सम्पत्तिको विवरण, आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी शिलबन्दी गरी दाखिला गर्नुपर्नेछ।

६. बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम बैंकले तोकेको खाता (IDT HO A/C: 00199999990090) मा नगदै जम्मा गरेको रसिद वा यस बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट चेक" को सक्कल प्रति शिलबन्दी बोलपत्र साथ समावेश गरि पेश गर्नुपर्नेछ।

७. बोलपत्र पेश गर्ने ब्यक्ति/फर्म/कम्पनीले नागरिकताको प्रमाणपत्र/दर्ता प्रमाणपत्रको प्रतिलिपि आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ। साथै साझेदारी फर्म तथा कम्पनीको हकमा बोलपत्रमा सहभागी हुनको लागि फर्म तथा कम्पनीको अख्तियारी समेत पेश गर्नुपर्नेछ।

८. कुनैपनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा वोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। लिलाम सदर वदर नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन।

९. बैंकबाट बोलपत्र स्विकृत हुनु अगावै पूर्व ऋणी/जग्गाधनीको तर्फबाट बैंक नियमानुसार बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा बैंकले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।

१०. बोलपत्रदाताले बैंकबाट लिलाम हुने चल अचल सम्पत्तिको निरीक्षण गरी चल अचल सम्पति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ सोही अवस्थामा र परिमाणमा सकार गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ। विक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै एकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।

११. बोलपत्रदाताले बोलपत्र स्विकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको सम्पत्ति आफ्नो जिम्मा लिनुपर्नेछ। सो म्यादभित्र रकम नबुझाएमा धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ। अस्विकृत बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिनेछ।

१२. उक्त लिलाममा राखेको सम्पतिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा संस्थाले तिर्नुपर्नेछ।

१३. बोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८१/०८/१२ कार्यालय समयसम्म | २०८१/०८/१६ दिनको ११:०० वजे | न्युरोड शाखा, पोखरा, कास्की (०६१-५८८९०७/०८) पृथ्वीचोक शाखा, पोखरा, कास्की, (०६१-५८९७६७/६८) र सामान्य प्रशासन विभाग, केन्द्रिय कार्यालय, कमलादी, काठमाण्डौं। | सामान्य प्रशासन विभाग, केन्द्रिय कार्यालय, कमलादी, काठमाण्डौं। |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लिमिटेड,केन्द्रीय कार्यालय
सामान्य प्रशासन विभाग, कमलादी
फोन नं. ०१-५९७१३४६, पो.ब. नं. २०५९० काठमाडौं